# प्रेस विज्ञप्ति- ३४५

# Press Release- 345

लागु औषध नियन्त्रण ब्यूरो
कोटेश्वर, काठमाडौ
मिति: २०८०।०९।२५ गते

## अप्रेशन केक द्वारा अवैध लागु औषध गाँजा मिसाई केक तथा कुकिज तयार गर्ने २ जना मानिस पक्राउ

Insatgram मार्फत Sweetbakery_np नामक Account बनाई अवैध लागु औषध गाँजा प्रयोग गरी केक र कुकिज बनाई बिक्री वितरण गर्ने विशेष सूचनाको आधारमा लागु औषध नियन्त्रण व्यूरो कोटेश्वरबाट खटिएको प्रहरी टोलीद्वारा मिति २०८०।०९।२४ गते का.म.न.पा. १७, सोह्खुट्टे बस्ने बर्ष २६ को मोहमद फाजिल र का.जि. दक्षिणकाली न.पा. ३ स्थायी ठेगाना घर भई हाल ललितपुर, ल.उ.म.न.पा. वडा नं. १३ बस्ने बर्ष २७ को शालोम सादा लेप्चा जैसीलाई का.म.न.पा. वडा नं. १७, सोह्खुट्टेबाट पक्राउ गरी निजहरुले जिल्ला ललितपुर, ल.उ.म.न.पा. वडा नं. १३ स्थित एकान्त कुनामा घर भाडा लिई प्रयोग गर्दै आईरहेको डेरा-कोठा खान तलासीको क्रममा गाँजा १ के.जी. १०० ग्राम, डाँठसहितको गाँजा.१ के.जी. ५६८ ग्राम, विक्री गर्न तयारी अवस्थाको केक १ के.जी. ९०० ग्राम, माईक्रोओभन थान १, बिक्री गर्न तयारी अवस्थाको बटर ९०० ग्राम, बिक्री गर्न तयारी अवस्थाको कुकिज १ के.जी. ३२४ ग्राम र डिजिटल तराजु थान १,बेकिङ पाउडर, चक्लेटको फ्लेभर लगाएतका विभिन्न सामाग्रीहरु समेत बरामद गरिएको छ।

- पक्राउ गरिएका मोहमद फाजिल र सालोम सादा लेप्चा जैसीले जिल्ला ललितपुर, ल.उ.म.न.पा. वडा नं. १३ स्थित एकान्त कुनामा घर भाडामा लिई विगत १ वर्ष देखी गाँजा मिसावट गरिएका केक र कुकिजका विभिन्न प्रकारहरु बनाई Online delivery मार्फत आफ्नो अवैध कारोवार संचालन गरिरहेका थिए।
- Sweetbakery_np नामक पेजका Followers हरु ७८४ जना रहेको कुरा प्रारम्भिक अनुसन्धानको क्रममा खुल्न आएको छ।
- निजहरुले आफ्नो अवैध कारोवारलाई गोप्य रुपमा संचालन गर्न Sweetbakery_np पेज बनाई Follow गर्ने विश्वासिला व्यक्तिहरुलाई Online मार्फत केकहरुको delivery गर्ने गरेको खुल्न आएको छ।
- निजहरुले मिति २०८०।०९।२२ गते यस व्यूरो द्वारा Press Release गरी सार्वजनिक गरिएका गाँजा मिसावट गरी अवैध रुपमा केकको विक्री वितरण गर्ने विशान मानन्धर पक्राउ परेको जानकारी पाए पश्चात निजहरुले पहिले कारोवार गर्दै आईरहेको custombakery_np नामक पेजलाई परिवर्तन गरी sweet bakery_np पेज बनाई कारोवार गरिरहेको कुरा अनुसन्धानको क्रममा खुल्न आएको छ।

  निजहरु उपर यस व्यूरोबाट लागु औषध नियन्त्रण ऐन, २०३३ बमोजिम आवश्यक अनुसन्धान भई रहेको व्यहोरा समेत जानकारीका लागी अनुरोध।

**पुनश्च**: हाल बजारमा Facebook, Instagram लगाएत अन्य Social Media समेतबाट विभिन्न पेजहरु खोली (गाँजा मिश्रित केक तथा कुकिजहरु) लागु औषधको अवैध कारोवार Online मार्फत भई रहेको खुल्न आएको हुँदा सवै सचेत रहन अनुरोध गर्दछौं।
साथै यस्ता प्रकारका गतिविधी यहाँहरुको टोल छिमेकमा समेत हुन सक्ने देखिएकोले प्रहरीलाई समयमै खवर गरिदिन समेत आग्रह गर्दछौं।







प्रवक्ता / सूचना अधिकारी
(चक्रराज जोशी)
प्रहरी उपरीक्षक
सम्पर्क नम्वर : ९८५११३२७४३